प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २९९ ॥ २०८१ पुष ०५ गते शुक्रबार (20th Dec 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-



झापा(प्रस) । झापाको बुद्धशान्ति गाउँपालिका वडा नम्बर ६ र ७ जोड्ने डी आकृतिको नेपालकै तेस्रो र कोशी प्रदेशकै ठूलो ४७६ मिटर लामो झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ । गत असारमा शिलान्यास गरी निर्माण सम्पन्न भएको पुलको अव केही दिनमै उद्घाटन गरिने भएको छ ।
बुद्धशान्ति गाउँपालिका ७ को वडा कार्यालय नजिक बनेको पुल सञ्चालनमा आएपछि बुद्धशान्ति ७ र ६ सहित इलामको रोङ गाउँपालिकाको ५ र ६ नम्बर वडाका किसानले उत्पादन गरेको कृषि उपजलाई बजारसम्म ल्याउन सहज हुनेछ । यो तरकारी पकेट क्षेत्र पनि हो । पुल नहुँदा किसानले उत्पादन गरेको तरकारी तथा कृषि उपज बजारसम्म पुऱ्याउन असहज भइरहेको अवस्थामा अव भने केही राहत मिल्ने आशा गरिएको छ । निर्माण भएको पुलको लागत ५ करोड ९८ लाख ८१ हजार ७६१ रुपैया रहेको छ । (तस्वीर : तीर्थ तिम्सिना)

# बढी ब्याजको लोभले साँवा नै गुम्ने अवस्था

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगर–१४ दुहागढीकी बन्दना केसी (नाम परिवर्तन) ले एकजना आफ्नै छिमेकीलाई ५ लाख रुपैयाँ दिइन् । रकमको शर्त र बन्दोबस्त भने वार्षिक सयकडा २४ प्रतिशत व्याज दिने थियो । यसरी नै मासिक ३ प्रतिशतका दरले मेचीनगर–६ काँकरभिट्टाकी रञ्जना विकले आफ्नै नातेदारलाई दिएको ३ लाख रुपैयाँ अहिलेसम्म फिर्ता लिन सकेकी छैनन् । केसीका श्रीमान् रोजगारीका लागि मकाउमा छन भने विकका श्रीमान् मलेसिया बसेको ९ वर्ष भयो ।

यस्ता समस्यामा फसेका र अहिले रकम उठाउनका लागि कानूनी उपचारका लागि स्थानीय तहको न्यायिक समितिदेखि प्रहरी प्रशासन र कानून व्यवसायीहरुकहाँ धाउनेको ताँती निकै लामो छ । केसी र विक त प्रतिनिधि पात्र मात्र हुन् ।

'२ वर्षपछि साँवा र व्याजसहित एकमुष्ट बुझाउने शर्तमा मैले ५ लाख रुपैयाँ दिँए' केसीले भनिन्,'अहिले ५ वर्षभन्दा बढी भयो न साँवा पाएँ न व्याज, अहिले न्यायका लागि नगरपालिकाको न्यायिक समितिमा धाउँदै छु । ' लैजानेले दिन्न भनेका छैनन् । आजभोलि भन्दाभन्दैं ५ वर्ष विताइसकेको केसीको गुनासो छ ।

बैकिङ तथा विभिन्न वित्तीय कारोवार गर्ने संघ संस्थाले भन्दा गाउँघरमै केही बढी




व्याज दिने भएपछि थुप्रैको रकम जोखिममा पर्ने गरेको छ । धेरै ब्याज पाउने आशाबाट लोभिएर दिएको पैसा फिर्ता नपाएपछि पीडितहरु अहिले उजुरी र गुनासो गर्न सम्बन्धित निकायको ढोका चाहार्न बाध्य छन् ।

मासिक रुपमा ब्याज र भनेको समयमा ऋण तिर्न नसकेपछि विवाद बढेर लेनदेन मुद्धाको रुपमा प्रहरी प्रशासन, न्यायिक समिति र अदालत पुग्ने गरेका छन् ।

बैंक, वित्तीय संस्था र सहकारीले भन्दा बढी ब्याज दिने र पाउने प्रलोभनमा परेर धेरैजसोले रकम डुबाउन पुगेका हुन् । यसरी रकम डुबाउनेमा पुरुषको तुलनामा महिला बढी छन् । सहमतिमा ऋण लिने/दिने गरेर समयमै फिर्ता नपाएपछि रकम फिर्ता दिलाई पाउँ भनेर गुनासो गर्न आउने क्रम अहिले मेचीनगर नगरपालिकाको न्यायिक समितिमा निकै बढेको न्यायिक समिति संयोजक एवम् उपप्रमुख मीना पोख्रेल उप्रेतीको भनाई छ । न्यायिक समितिका अनुसार २०८० साल साउन १ गतेदेखि २०८१ असार मसान्तसम्म समितिमा दर्ता भएका कुल १ सय ३७ वटा मुद्धामध्ये ३५ वटा लेनदेनकै छन् । तीमध्ये एक चौथाईमात्र फछ्र्यौट भएका छन् । बाँकी प्रक्रियामा रहेको छ ।

सापटी दिएको पैसा वर्षौंसम्म फिर्ता नभएपछि सर्वसाधारण न्यायिक समिति धाउने गरेको संयोजक उप्रेतीले बताइन् । न्यायिक समितिपछि यसरी ठगिएकाहरु न्याय खोज्दैं प्रहरी र कानून व्यवसायीहरुसम्म धाउने गरेका छन् । पीडितहरुले दिएको निवेदनलाई आधार मान्ने हो भने लाखौं रुपैयाँ डुबेको प्रारम्भिक अनुमान गर्न सकिने समितिले जनाएको छ । न्यायिक समितिमार्फत चालु आर्थिक वर्षको पाँच महिनामा १५ देखि २० लाख रुपैयाँ पीडितलाई फिर्ता गराइसकिएको छ । अधिकांशले रकम फिर्ता गर्ने भन्दैं कबुलनामा गरेका छन् । समितिले दुवै पक्षलाई राखेर मेलमिलापको माध्यमबाट छलफल गराएर सहमतिका आधारमा रकम फिर्ता गराउने गरेको छ ।

'आपसी समझदारीमा बैंक, वित्तीय संस्था र सहकारीले भन्दा वा बजारमा चलेकोभन्दा बढी ब्याज दिने बहानामा कागज पनि बनाएको हुँदैंन' उपप्रमुख उप्रेतीले भनिन्–' सोझै नगद नै दिएकाहरु बढी अप्ठ्यारोमा परेका छन् ।'

एकजना सदस्यका अनुसार लेनदेनको मुद्धा हेर्ने अधिकार अदालतलाई मात्र छ । यस्ता विवादमा न्यायिक समिति, सामुदायिक प्रहरी, प्रहरी र स्थानीय प्रशासनमा सहमतिको प्रयास भएपनि कुरा नमिलेपछि उनीहरुले त्यस्ता मुद्धामा अदालत जान सुझाउने गरेका छन् ।

सर्वसाधारणको लाखौँ रकम डुबेपछि आर्थिक विचलन र समाजमा अपराध, विवादको जोखिमसमेत बढेको न्यायिक समितिका सदस्य कुन्दन निरौलाको भनाई छ । यस्तो कारोबारको नेतृत्व गर्ने र ठगिनेमा पुरुषभन्दा महिला नै बढी रहेको उनको अनुभव छ ।

वैदेशिक रोजगारीमा जानेका परिवारहरुले यस्तो लोभमा परेर लगानी गर्ने गरेका घटना बढी छन् । यसरी सापटी भनेर ब्याजमा

❖ बाँकी अन्तिम पृष्ठमा

## कर्णाली साकोस २५ वर्षमा प्रवेश
# सम्मान गर्दै रजत महोत्सव सुरु



झापा(प्रस) । बिर्तामोडमा मुख्य कार्यालय रहेर कोशी प्रदेशका तीनवटा जिल्लालाई कार्यक्षेत्र बनाएको नेपालकै अग्रणी सहकारी कर्णाली बचत तथा ऋण सहकारी संस्था लि. २५ औं वर्षमा प्रवेश गरेको छ ।

यस अवसरमा संस्थाले बिहीवार बिर्तामोडमा विशेष कार्यक्रमको आयोजना गरी २५औं स्थापना दिवस तथा रजत महोत्सव शुभारम्भ समारोह सम्पन्न गरेको छ ।

कर्णाली साकोसका अध्यक्ष टसबहादुर श्रेष्ठको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महातारा प्रसाईंको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममार्फत रजत वर्षको लोगो सार्वजनिक गर्दै २५ जना ज्येष्ठ सदस्य र २५ जना विद्यार्थीहरुलाई नगद पुरस्कार प्रदान गरिएको थियो । साकोसको नीति अनुसार संस्थाको शेयर सदस्य बनेर १० वर्षदेखि नियमित कारोबार गरिरहेका ७० वर्ष उमेर पार गरेका ज्येष्ठ सदस्यहरुलाई जनही ३ हजार रुपैयाँ प्रदान गरी सम्मान गरिएको हो । यो वर्ष संस्थामा यस्ता सदस्यहरुको संख्या ६४ जना रहेको र बिहीवार सांकेतिकरुपमा बिर्तामोड आसपासका २५ जनालाई उक्त रकम प्रदान गरी सम्मान गरिएको सचिव भुपाल बस्नेतले बताए ।

यसैगरी कर्णाली साकोसले हरेक वर्ष दामासाहीले प्रदान गर्दै आएको ५ लाख रुपैयाँ छात्रवृत्ति रकम यो वर्ष १०० जना विद्यार्थीलाई ५ हजार रुपैयाँका दरले प्रदान गर्न सुरु गरेको छ ।

संस्थाका शेयर सदस्यका छोराछोरीमध्ये २०८० सालको एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने १०० जना विद्यार्थीलाई जनही ५ हजार रुपैयाँको छात्रवृत्ति प्रदान गर्नेक्रममा बिहीवार २५ जनालाई हस्तान्तरण गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

उक्त छात्रवृत्ति तथा ज्येष्ठ सदस्य सम्मान रकम संस्थाका अध्यक्ष श्रेष्ठ, प्रमुख अतिथि प्रसाईं, विशिष्ट अतिथि झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकाल, जिल्ला बचत तथा ऋण सहकारी संघका वरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीलगायतले हस्तान्तरण गरेका थिए ।

रजत महोत्सव शुभारम्भ समारोहका प्रमुख अतिथि नगर प्रमुख प्रसाईंले केही खराब नियत बोकेका सहकारीका सञ्चालक र कर्मचारीका कारण सिंगो अभियानमाथि नै प्रश्न चिन्ह उठेको दावी गरिन् ।

नगर प्रमुख प्रसाईंले भनिन्, 'धेरै सहकारी संस्थाहरुले अत्यन्त राम्रा कामहरु गरिरहेका छन् । सहकारी संस्था सदस्य परिवारमा जन्मदेखि मृत्युसम्मको साथी बनेको छ । यसले हजारौंलाई रोजगारीको अवसर सिर्जना गरेर जीवनयापनमा मद्धत पुर्याएको मात्र छैन, बेरोजगार युवालाई स्वदेशमा नै रोजगारी दिएर विदेशिनबाट पनि जोगाएको छ । अनि कतिपय संस्थाहरुले त निरक्षर महिलाहरुलाई साक्षर पनि बनाएका छन् ।'

'यतिराम्रो काम गरिरहेका सहकारीहरुमध्ये कुनै कुनै बिग्रिएका पनि छन् । त्यसैले सदस्यहरुलाई राम्रा सहकारी छान्ने यो उपयुक्त समय हो' नगर प्रमुख प्रसाईंको सुझाव थियो । सहकारीहरुले राज्यले तोकेकोभन्दा बढी ब्याज लिएको भन्ने लाग्यो भने साधारण सभामा छलफल चलाउन सकिने भन्दै उनले सफल सहकारी बनाउन संस्थाबाट सञ्चालकहरुले ऋणको कारोबार नगर्न सुझाव पनि दिइन् ।

सो कार्यक्रममा संस्थाका अध्यक्ष श्रेष्ठ र सचिव बस्नेतले २५ वर्षअघि कर्णाली साकोस स्थापना गर्दा भोगेका तीतामिठा अनुभवहरु सुनाएका थिए । संस्थामा सुरुदेखि

❖ बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोडको दुईवटा पसलमा राजश्व अनुसन्धानको छापा

झापा(प्रस)। राजश्व अनुसन्धान कार्यालय इटहरीले झापा बिर्तामोडको दुईवटा पसलमा छापा मारेको छ । भन्सार छलेर अवैध रुपमा सामान ल्याएको आशंकामा राजस्वको टोलीले बिर्तामोडको पूजा इलेक्ट्रोनिक्स स्टोर्स र जय माँ दुर्गा मार्वल सप्लायर्समा छापा मारेको हो । टोलीले ती दुईवटा पसलको स्टक बुकलगायतका कागजपत्र लिएर गएको छ । टोलीले पसलमा सिल गर्न खोज्दा आफूहरुले रोकेको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताए । ती पसलका बारेमा अनुसन्धान




भइरहेको राजश्व अनुसन्धान कार्यालय इटहरीका एक अधिकृतले जानकारी दिए। बिहान ११.३० देखि दिउँसो ४.३० बजेसम्म बिर्तामोड- ३ स्थित सोनम भट्टराईले संचालन गरेको जय माँ दुर्गा मार्वल सप्लायर्स र बिर्तामोड- ५ स्थित धिरज अग्रवालले संचालन गरेको पूजा इलेट्रोनिक्स स्टोर्समा राजश्व अनुसन्धान कार्यालय इटहरीबाट अनुसन्धान अधिकृत सरोज कोइराला र रामप्रसाद लुईटेलसहितको टोली आई चेकजाँच गरी आवश्यक कारबाहीको लागि केही कागजपत्रसहित स्टक जाँच गरी गएको ती अधिकृतले जानकारी दिए । साथै राजश्व अनुसन्धान कार्यालय इटहरीमा सम्पर्क गरी ती दुवै व्यवसायीलाई उपस्थित हुन निर्देशनसमेत दिएको जनाइएको छ ।

# सवारी दुर्घटनामा तीनजनाको मृत्यु

झापा(प्रस)। झापाको मेचीनगरमा मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु भएको छ ।




बुधवार राति ९:२० बजे मेचीनगर नगरपालिका वडा नं. ८ मकरेचौकस्थित भित्री पक्की सडकखण्डमा इटाभट्टादेखि नकलबन्दातर्फ जाँदैं गरेको मे ७ प १२३४ नम्वरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने ३४ वर्षीय दिवस प्रधान घाइते भएका थिए ।

उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारको क्रममा राति ९:५० बजे डाक्टरले मृत घोषणा गरेका हुन् । घटना सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

## श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लि.
शिवसताक्षी ८, झिलझिले झापा

## १८ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारेको सूचना

प्रस्तुत विषयमा यस संस्थाको संचालक समितिको निर्णय अनुसार १८ औं वार्षिक साधारण सभा मिति २०८१/०९/१५ गते केन्द्रिय कार्यालयमा उद्घाटन हने र सबै इकाईहरुमा साधारण सभा सम्पन्न गर्न तपशिल अनुसारको मिति, समय र स्थानमा सम्वन्धित सेवाकेन्द्र अन्तर्गतका सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछौं । मिति २०८१/०९/१७ गते सम्पन्न हुने व्यहोरा सबै शेयर सदस्यहरुमा जानकारीका लागि अनुरोध गर्दछौं ।

उपस्थितिका लागि शिवसताक्षी झिलझिले मा.वि.को सभाकक्ष

तपशिल

| क्र.सं | मिति | ठेगाना | स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८१/०९/१५ | शिवसताक्षी-८, झिलझिले | उद्घाटन कार्यकम | १०:००-३:०० वज |
| २ | २०८१/०९/१५ गते,१६ गते | शिवसताक्षी-८, झिलझिले | सेवाकेन्द्रहरुको हकमा क्रमश: जनता,मंगलवारे, सुरुङ्गा, दमक, केरखा सेवाकेन्द्रहरुमा मिति २०८१/०९/१५ गते देखि १७ गतेसम्म सम्वन्धित सेवाकेन्द्रहरु मा उपस्थित हुन वा केन्द्रिय कार्यालय झिलझिलेमा समेत उपस्थित हुन सकिने व्यहोरा जानकारीको लागी अनुरोध गर्दछौं । | १०:००-३:०० बजे |
| ३ | २०८१/०९/१७ | शिवसताक्षी-८, झिलझिले | समापन कार्यकम केन्द्रिय कार्यालय झिलझिलेमा संस्थाको भवनमा | १०:००-३:०० वज |

नोट: सम्पुर्ण सेवाकेन्द्रहरुका छनोट प्रतिनिधीहरुले मिति २०८१/०९/१७ गते अनिवार्य अनिवार्य उपस्थितिको लागी अनुरोध छ।

[signature] ... प्रसाद ओली
कार्यकारी प्रमुख

[signature] मोहन प्रसाद मैनाली
अध्यक्ष

# पार्टी र जनप्रतिनिधिबीचको समन्वयबाट विकास निर्माण गर्न आह्वान

अर्जुनधारा(प्रस) । नेपाली कांग्रेस कोशी प्रदेशका सभापति एवं पूर्व मुख्यमन्त्री उद्धव थापाले पार्टी र जनप्रतिनिधिहरुबीचको समन्वयबाट विकास निर्माणका काम अघि बढाउन आह्वान गरेका छन् ।

नेपाली कांग्रेस अर्जुनधारा नगर समितिको अर्जुनधारा-३ स्थित कैदले सामुदायिक वन परिसरमा सम्पन्न नगरभेला एवं वनभोज कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै कोशी प्रदेश संसदीय दलका नेता समेत रहेका थापाले पार्टी प्रतिनिधि र जनप्रतिनिधिबीचको छलफल र समन्वयबाट जनचाहना अनुसार विकास निर्माण कार्य गर्न पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई आह्वान गरेको हो । आफू र आफ्नो पार्टीले गरेका कामको प्रचार-प्रसार तीव्र पार्न पनि उनले कार्यकर्तालाई निर्देशन दिए ।

राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति प्रतिबद्ध रहेर राजनीतिक, सामाजिक सेवाका कार्य गर्न कांग्रेस कार्यकर्तालाई आग्रह गर्दै उनले पार्टी संगठन मजबुत बनाएर अघि बढ्न अनुरोधसमेत गरे ।




कार्यक्रमका विशेष अतिथि नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले लोकतन्त्रको विकल्प नरहेको र लोकतन्त्रको रक्षा नेपाली कांग्रेसबाट मात्रै हुने बताउँदै पार्टीको सिद्धान्तप्रति अडीग रहन कार्यकर्तालाई आग्रह गरे ।

कार्यक्रमका सहभागीहरुले पार्टी नीति, सिद्धान्त र विधान अनुसार चल्नुपर्ने, विधान संसोधन गरी क्रियाशील सदस्यमध्येबाटै नगर सभापति चयन गर्न पाउने ब्यवस्था गरिनुपर्ने, केन्द्रीय सदस्यहरु स्वतः महाधिवेशन प्रतिनिधि हुने ब्यवस्था खारेज गरी वडाबाटै निर्वाचित हुने ब्यवस्था गरिनुपर्ने, तल्लो तहका कार्यकर्ताहरुको समस्या समाधानमा उपल्लो तहका नेताले ध्यान दिनुपर्ने, सरकारलाई स्थायी बनाउँदै पुरै अवधि सञ्चालन गरिनुपर्ने, कार्यकर्ताहरु तहगत रुपमा अनुशासित हुनुपर्ने, पार्टी र जनप्रतिनिधिबीच तालमेल हुनुपर्ने, सबै तहका विभागीय समितिहरु गठन गरिनुपर्ने, टोल र वडाकेन्द्रित कार्यक्रम तय गरी संगठन बलियो बनाइनुपर्नेलगायतका माग राखेका थिए ।

कार्यक्रममा महासमिति सदस्य दिपेन्द्र ढकाल, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, २ (ख)का प्रदेशसभा क्षेत्रीय सभापति किरण श्रेष्ठ, नेपाल महिला संघ अर्जुनधारा नगरका कार्यबाहक अध्यक्ष प्रभा नेपाल, अर्जुनधारा वडा नं-६ का अध्यक्ष हरिश्चन्द्र बास्तोला, क्षेत्रीय सहसचिव जीवन थापा, क्षेत्रीय सदस्य जीवन भण्डारी, अर्जुनधारा-६ का पार्टी सभापति नेत्रप्रसाद विमली, नेपाल तामाङ संघका जिल्ला अध्यक्ष कर्णबहादुर तामाङ, नेपाली कांग्रेस अर्जुनधारा-११ का वडा सभापति जगतबहादुर मगर, प्रदेश अधिवेशन प्रतिनिधिहरु चन्द्र प्रसाई र नरहरि चापागाई, शेखर बन, शिव भट्टराईलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

नेपाली कांग्रेस अर्जुनधारा नगर समितिका सभापति हेमराज खरेलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत उपसभापति प्रशान्त भण्डारी र सञ्चालन सचिव इन्दिबर खड्काले गरेका थिए । कार्यक्रममा वनभोजसँगै सांस्कृतिक कार्यक्रमसमेत गरिएको थियो ।

# विराटनगर जुट मिलको लेखा परीक्षण



झापा(प्रस) ।भारतीय लगानीकर्ताले चासो बढाएपछि विराटनगर जुट मिलको छ वर्षदेखिको लेखा परीक्षण सुरु गरिएको छ । नेपालको पहिलो उद्योग जुट मिल २०७८ जेठ २४ गतेदेखि आधिकारिक समितिविहीन बनेको थियो ।

सरकारले २०८१ जेठ ३० गते सञ्चालक समिति सदस्य नियुक्त गरेपछि २०८१ असार ५ गते राजेन्द्र कार्की अध्यक्ष चयन भएका थिए । अध्यक्ष कार्कीका अनुसार सरकारले टीकाराज ढकाल, सेयर सदस्यबाट मुकुन्द नेपाल र वाणिज्य कार्यालय विराटनगरका प्रमुख तथा कोष तथा नियन्त्रण कार्यालयका प्रमुख पदेन सदस्य रहने गरी सञ्चालक नियुक्त गरेको थियो ।

सञ्चालक समितिले २०७५ सालदेखिको आन्तरिक लेखापरीक्षणको काम अन्तिम चरणमा पुर्‍याएको छ । सञ्चालक समितिलाई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तीनवटा कार्यदेश दिएको थियो । जसमध्ये लेखा परीक्षण गराउने, सम्पति संरक्षण तथा व्यवस्थापन गर्ने र साधारण सभा सम्पन्न गरेर जुट मिल सञ्चालन कार्यविधि तयार पार्ने रहेका छन् ।

अध्यक्ष कार्कीका अनुसार आन्तरिक लेखा परीक्षण सकेपछि महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षक तोकेर पठाउँछ । त्यसले जुट मिलको अन्तिम लेखा परीक्षण प्रतिवेदन तयार पार्ने छ ।

सरकारको ५० प्रतिशतभन्दा बढी सेयर रहेको उद्योगको लेखा परीक्षण महालेखा परीक्षण कार्यालयले तोकेको लेखा परीक्षकबाट हुने प्रावधान छ । जुट मिलमा सरकारको ६८ प्रतिशत शेयर कायम भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड हुँदा ताका नै जीर्ण उद्योग सञ्चालनका विभिन्न मोडालिटीबारे अध्ययन सुरु गरिएको थियो । त्यसबेला नै भारतीय कम्पनीलाई जुट मिल सञ्चालन गर्न दिने भन्दै प्रारम्भिक अध्ययन भएको थियो । भारतको टाटा बिडला कम्पनीले जुट मिलको १५ दिनसम्म विज्ञ समूहमार्फत अध्ययन सकेको छ । त्यसबाहेक भारतको जलान ग्रुप अफ इन्डस्ट्रिज र विनसन इन्टर नेसनल कम्पनीले समेत अहिले जुट मिल सञ्चालनका लागि चासो दिएर अध्ययन गरिरहेको कार्कीले जानकारी दिए ।

# न्याय सम्पादन समयमै हुनसके जनविश्वास बढ्ने: प्रमुख न्यायाधीश लुईटेल

झापा(प्रस) । झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश उमेशप्रसाद लुईटेलले अन्य सरकारी कार्यालयहरुको पनि समन्वय भए अदालतले छिटो न्याय सम्पादन गर्न सहज हुने बताएका छन् ।

बिहीवार जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा प्रमुख न्यायाधीश लुईटेलले फैसला कार्यान्वयन गर्न अदालतको एक्लो प्रयासले मात्र सम्भव नहुने भएकाले सम्बन्धित कार्यालयहरुको सहयोग आवश्यक रहेको बताएका हुन् । समयमै न्याय सम्पादन हुनसके अदालतको जनविश्वास बढ्ने छ । अन्य कार्यालयबाट प्रमाण नआएको कारणले मुद्दामा ढिलाई भएको देखिएकोले समस्या समाधानका लागि छलफल आयोजना गरिएको अदालतको भनाई छ ।

सरकारी साक्षी गवाह समयमै उपस्थित नगराउँदा, कानुन ब्यवसायीबाट पटक-पटक मुद्दा स्थगित हुँदा मुद्दाको कामकारवाही स्वतः ढिलो हुने भएकोले अब सो बिषयमा संवेदनशील भएर कार्य गर्न सरोकारवाला निकाय, पक्षबाट अदालतले अपेक्षा गरेको छ ।

जिल्ला न्याय क्षेत्र समन्वय समितिका सदस्य एवम् प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले छिटो छरितो न्याय सम्पादन र फैसला कार्यान्वयनका लागि अदालतको आदेशलाई प्राथमिकता दिई कार्य गर्न आवश्यक रहेको बताए ।

छलफलमा प्रमुख जिल्ला अधिकारी बाँस्तोला, झापा जिल्ला अदालतका न्यायाधीशहरु प्रकाशकुमार अधिकारी, महेन्द्रप्रसाद पोखरेल, तेजबहादुर खड्का, नविनकुमार जोशी, नगेन्द्रकेशरी पोखरेल, रामप्रसाद पौडेल, ऋतबहादुर पुलामी मगर, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख एसपी मिलन केसी, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता रुद्र आचार्य, कारागार कार्यालयका प्रमुख रेवन्त भट्टराई, मालपोत कार्यालय भद्रपुरका प्रमुख, जिल्ला समन्वय समितिका सचिव, नापी कार्यालय भद्रपुरका प्रमुखलगायतले अदालतको आदेशलाई प्राथमिकता दिई समयमै जवाफ पठाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

अदालतको काम कारवाही, सुव्यवस्थित तरिकाले सञ्चालन गर्न न्यायपालिकाको रणनीतिक योजना अनुसार समयमै फैसला गर्न, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्नका लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम ९७ बमोजिम जिल्ला न्याय क्षेत्र समन्वय समिति



गठन भएको हो ।

सो समितिमा जिल्ला अदालतका प्रमुख न्यायाधीश अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख, सम्बन्धित सरकारी वकिल, सम्बन्धित बारका अध्यक्ष, मालपोत कार्यालय प्रमुख, कारागार कार्यालय प्रमुख, जिल्ला समन्वय समितिका सचिव, तहसीलदार र प्रमुख न्यायाधीशले तोकेको नागरिक समाजको ब्यक्ति सदस्य रहने प्रावधान छ ।

समितिको सदस्य सचिवमा जिल्ला अदालतका श्रेस्तेदार रहने कानूनी व्यवस्था छ । प्रमुख न्यायाधीश लुईटेलको अध्यक्षतामा सम्पन्न छलफलमा अदालतका श्रेस्तेदार एवम् न्याय क्षेत्र समन्वय समितिका सदस्य सचिव किरणकुमार सिंहले स्वागत गरेका थिए ।

## १५७९ वटा मुद्दा फैसला

अदालतका सूचना अधिकारी एवम् शाखा अधिकृत रामचन्द्र बस्नेतका अनुसार मंसिर मसान्तसम्म पाँच हजार ३५७ वटा मुद्दा दर्ता रहेको छ । त्यसमध्ये एक हजार ५७९ वटा मुद्दा फैसला भएको छ । हाल तीन हजार ७७८ वटा मुद्दा विचाराधीन अवस्थामा रहेका छन् ।

झापा जिल्ला अदालतमा ८ जना न्यायाधीशको दरबन्दी रहेको छ । अदालतमा न्यायिक कार्यमा हुने हस्तक्षेप रोकी पारदर्शिता कायम राख्न इजलास छनौटमा गोला पद्धति र स्वचालित पेशी प्रणाली लागु भएको छ ।

# अलैँचीले ग्रामीण अर्थतन्त्र उकास्दै

झापा(प्रस) ।छिर्के, फुर्के र गानो कुहिने रोगले बगान सखाप भएपछि निराश भएका अलैँची किसानलाई यतिबेला भने निकै उत्साह थपिएको छ । पछिल्लो साता १२ वर्षयताकै उच्च मूल्य (प्रतिमन एक लाख १० हजारमा रुपियाँ) मा कारोबार भइरहेको अलैँचीले गर्दा अहिले पूर्वी पहाडका गाउँ गाउँको आर्थिक क्षेत्र निकै चलायमान भएको छ ।

अलैँचीको पुराना बगान मासिएर नयाँ बगान विस्तार गरिरहेका किसान त अझ हौसिएको माई मझुवाका किसान गिरिराज खनालले बताए । उनले भने, "एक पटक बिरुवा लगाएर छाडिदिने होइन, यसलाई पनि पटक पटक मलजल, गोडमेल, बगानको सरसफाइ गर्नु आवश्यक छ । जाँगर चलाउँदा अब पैसाकै लागि बिदेसिनुपर्ने अवस्था छैन भन्ने अलैँची खेतीले प्रमाणित गरेको छ । यस वर्ष अलैँचीको मूल्य राम्रो भयो, यस्तै भाउ कायम रहे धेरै युवाले गाउँघरमै बसेर उद्यम गर्छन्, हामी उत्साही छौँ ।"

खनालले ४५ रोपनी जमिनमा अलैँची खेती गरेका छन् । यो बगानमा गत वर्षभन्दा दोब्बर अलैँची यस वर्ष फलेको खनालले बताए । पूर्वी पहाडमा नगद आर्जनको राम्रो स्रोत बनेको अलैँचीको मूल्य करिब एक महिनायता अलैँचीको मूल्य प्रतिमन एक लाख १० हजार रुपियाँमा आएर स्थिर रहेको इलाम उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण पौड्यालले बताए । उनका अनुसार अहिले गाउँबाट करिब ७० प्रतिशत अलैँची बजार आइसकेको छ ।

जिल्लाका बिब्ल्याँटे, फिक्कल, नयाँबजार, मङ्गलबारेलगायत बजारमा अलैँचीको कारोबार भइरहेको छ । सन्दकपुर, माईजोगमाई, देउमाई, रोङलगायतका पालिकामा अलैँची उत्पादन धेरै हुने गरेको छ ।

# झापामा शून्य खनजोत प्रविधिबाट मकैखेती



झापा(प्रस) । झापामा शून्य खनजोत प्रविधिबाट मकैखेती गरिएको छ । कृषकलाई यन्त्र उपकरणको प्रयोग प्रदर्शनी कार्यक्रमअन्तर्गत यहाँको तीन स्थानमा शून्य खनजोत प्रविधिबाट मकैखेती गरिएको हो ।

ती स्थानमा बिर्तामोड नगरपालिका-९, कचनकवल गाउँपालिका-१ र बाह्रदशी गाउँपालिका-६ मा १०/१० कट्ठा क्षेत्रफलमा शून्य खनजोतप्रविधिबाट मकैखेती गरिएको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए । कृषि अनुसन्धान निर्देशनालय तरहरा सुनसरीको प्राविधिक सहयोगमा कृषि ज्ञान केन्द्रले प्रदर्शनीका रुपमा बिना खनजोत मकैखेती प्रविधि प्रदर्शनी गरिएको उनले बताए । यस प्रविधिको प्रयोगबाट उत्पादन लागत घट्नुका साथै नयाँ प्रविधि विस्तार र माटोको गुणस्तर सुधार हुने उनको भनाइ छ ।

यस प्रविधिबाट धान काटेको खेतमा खनजोत नगरी उपकरणको प्रयोगबाट एकै पटक मकैको बीउ र मल हाल्न सकिन्छ । मकैको एउटा लाइनबाट अर्को लाइनको दूरी ४५ सेन्टिमिटर र बोटको दूरी १५-२० सेन्टिमिटर हुन्छ ।

हाल गरिएको नमूना खेतीमा डिएपी मल र बीउ एकै पटक राखिएको छ । जिल्लामा गत वर्ष ४४ हजार हेक्टरमा मकैखेती गरिएको थियो भने उत्पादकत्व सात टन प्रतिहेक्टर रहेको जनाइएको छ ।

## कर्णाली...

पटक पटक चुनौतीहरु आएका छन् भन्दै अध्यक्ष श्रेष्ठले संस्थापकहरु २६ जनाबाट १०-१० हजार रुपैयाँ उठाएर २ लाख ६० हजार रुपैयाँ चुक्ता शेयर पूँजीबाट स्थापना गर्ने निर्णय गरे ।

'तीमध्ये ८ जनाले शेयर रकम नै जम्मा नगरेको र अरुबाट पनि थोरै रकम जुट्दा ५३ हजार ५०० रुपैयाँ मात्र जम्मा भएछ। तोकिएको रकम पूरा गर्न नसकेकोले बाँकी रकमको कपाली तमसुकमा सहीछाप गरेर संस्था स्थापना गरेका थियौं' अध्यक्ष श्रेष्ठले सुनाए ।

यसैगरी सचिव बस्नेतले संस्था जन्माउन काठमाडौंमा छलफल गरेकोदेखि संस्थामा विभिन्न 'नामहरु' राखेर विश्वासिलो बनाएको तथा उद्घाटनको दिन चौरी सफा गर्दासम्मको घटना स्मरण गरे ।

कर्णाली साकोसका उपाध्यक्ष रामकुमार गौतमले स्वागत गरेको सो कार्यक्रममा झापा जिल्ला सहकारी संघका अध्यक्ष ढकालले सहकारी अभियानको वर्तमान सन्दर्भहरुबारे चर्चा गरेका थिए ।

## बढी...

लगानी गरेको पैसा फिर्ता नआएपछि श्रीमान-श्रीमतीबीच विवाद उत्पन्नसमेत हुने गरेका छन् । यस्तै घटनाले परिवारमा समेत समस्या पैदा हुने गरेको छ ।

धेरैले चेकमार्फत रकम तिर्ने भन्दैं चेक दिने तर, खातामा रकम नहुने भएकाले वाउन्स चेकलाई आधार बनाएर अधिकाँशले मुद्धा हाल्ने गरेका छन् । चेक र रेमिटमार्फत कारोबार गर्नेले त्यसैलाई आधार बनाउने गरेको बताइएको छ । बढी ब्याज पाउने लोभमा ब्याजमा लगानी गर्ने प्रवृत्ति बढ्दा बैंक, वित्तीय र सहकारी संस्थाको निक्षेप संकलनमा असर पर्ने गरेको सहकारी सञ्चालकहरुको भनाई छ । यसैगरी, रकम सापट लिएर ब्याज र किस्ता तिर्न नसक्दा पनि लिने र दिने दुवै पक्ष समस्यामा पर्ने गरेका छन् । यसको असर बैंकिङ कारोबारमा समेत देखिने एकजना सरकारी बैंकका अधिकारीको भनाई छ ।

बढ्दो आर्थिक विसंगति र विचलनको समस्या न्यूनीकरण गर्न समुदायमा आर्थिक कारोबारसम्बन्धी कानूनी सचेतना जरुरी रहेको मेचीनगर नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता इन्द्रकमल प्रधान बताउँछन् । योसँगै सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाको पहुँच वृद्धि गर्नुपर्ने, बैंक तथा वित्तीय क्षेत्रका सेवा सुविधाबारे जानकारी दिनुपर्ने र भरपर्दो बैंक सहकारीमार्फत कारोबार गर्न प्रोत्साहन गर्नुपर्ने कानून व्यवसायी प्रधानको सुझाव छ ।

रकम लेनदेन गर्दा दर्तावाला लेखनदासबाट लेखाउनुपर्ने, नगरपालिका,वडा तथा टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुसँगको उपस्थितिमा कागज लेख्नु लेखाउनु पर्ने उनले सुझाव दिएका छन् ।

## सवारी ...

उता सुनसरीमा भएका सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ ।

बुधवार साँझ ६.१० बजे सुनसरीको दुहबी नगरपालिका वडा नं.८ जुटमिल अगाडीको कोशी लोकमार्गमा दुहबीबाट इटहरीतर्फ आउँदै गरेको बागमती प्रदेश ०१-०२७ च ०४८२ नम्बरको कारले पूर्वबाट पश्चिमतर्फ बाटो क्रस गर्दै गरेका पैदलयात्री सोही ठाउँ बस्ने ४५ वर्षीय गणेश गुप्तालाई ठक्कर दिएको थियो ।

घाइतेको बिराट टिचिङ अस्पताल बिराटनगरमा उपचार भइरहेकोमा साँझ ७:३० बजे मृत्यु भएको हो । कार चालक मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ३ बस्ने अन्दाजी २४ वर्षीय रामनाथ जोगीलाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै बुधवार दिउँसो १ बजे इटहरी उपमहानगरपालिका- १३ काली मन्दिर स्थित कोशी लोकमार्गमा दुहवीबाट इटहरीतर्फ आउँदै गरेको प्रदेश १-०१-००२ त ०२४९ नं. को ट्र्याक्टरले पूर्वबाट पश्चिमतर्फ बाटो काट्दै गरेको प्र १-०२-०४८ प ३४९७ नं. को मोटरसाइकललाई ठक्कर दिएको थियो । घाइते मोटरसाइकल चालक मोरङ रंगेली ६ बस्ने ४३ वर्षीय बलराम सरदारलाई उपचारको लागि बिराट टिचिङ अस्पताल विराटनगर पठाइएकोमा अस्पताल पुर्याउनसाथ चिकित्सकले मृत घोषणा गरेका थिए । मोटरसाइकल र ट्र्याक्टर प्रहरी चौकी खनारको नियन्त्रणमा रहेको छ भने ट्र्याक्टर चालक दुहवी १० बस्ने २३ वर्षीय अविराम माझीलाई इटहरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै बुधवार दिउँसो ४:३० बजे खोटाङमा स्कुल बसबाट झरेर एक बालिका गंभीर घाइते भएकी छन् । दिक्तेल रुपाकोट मझुवागढी- २ सोल्मा बस्ने उदिमसेर राईकी छोरी ४ वर्षीया रिदिमा राई दिक्तेलस्थित हिलसाईड सेन्ट्रल एकेडेमीबाट घर आउने क्रममा बा ३ क २३७४ नं. को सोही स्कुलको बसको झ्यालबाट अचानक झरेर घाइते भएकी हुन् । उनको दिक्तेलस्थित फेमेली केयर अस्पतालमा उपचार भइरहेको छ भने चालक र बस जिल्ला प्रहरी कार्यालय खोटाङको नियन्त्रणमा रहेको छ ।

त्यस्तै बुधवार साँझ ६:२५ बजे संखुवासभाको खाँदबारी -८ बडारेनी चोकस्थित खाँदबारी- तुम्लिङटार सडकखण्डमा खाँदबारीबाट तुम्लिङटारतर्फ जाँदै गरेको प्रदेश १-०२-००१ ज ४३९४ नम्बरको भ्यानले मादक पदार्थ सेवन गरी सडकमा हिडिरहेका ढोलबाजे बस्ने अन्दाजी ४६ वर्षीय पुष्पबहादुर बाँनियालाई ठक्कर दिएको थियो । गंभीर घाइते बाँनियाको जिल्ला अस्पताल खाँदबारीमा उपचार भइरहेको छ । भ्यान चालक तुम्लिङटार बस्ने ३१ वर्षीय मेयर कुमाल उपचारमा संलग्न रहेको र भ्यान जिल्ला ट्राफिक प्रहरी कार्यालय संखुवासभाको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३–५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्रदूषणको सङ्कट

विश्वका कतिपय शहर प्रदूषणका कारण चर्को सङ्कटमा छन् । केही दिनअघि भारतको नयाँ दिल्लीमा वायु प्रदूषणका कारण विद्यालयमा पनि अनलाइन प्रक्रियाबाट पठनपाठन गर्नु परेको घटना ताजै छ । यस्ता परिघटनाकै बिच एउटा नयाँ अध्ययनले वायु गुणस्तरप्रति नेपाल पनि गम्भीर हुनुपर्ने बनाएको छ ।

नयाँ अध्ययनले नेपालका प्रमुख सहर वायु प्रदूषणको चपेटामा पर्दै गएको देखाएको छ । वायुको गुणस्तर अस्वस्थ बन्दै जाँदा सुधारका निम्ति सरकारी तथा निजीस्तरमा ठुलै पहल गर्नुपर्ने देखाएको छ । नेपाल स्वास्थ्य अनुसन्धान केन्द्रले गरेको अध्ययनले नेपाली सहरहरूमा बढ्दो प्रदूषणले भविष्यमा ठुलो सङ्कट निम्त्याउन सक्ने देखिएको छ । केन्द्रका वरिष्ठ अध्येता डा. मेघनाथ धिमालका अनुसार नेपालका प्रमुख सहरको वायु बिहान बेलुका हिंड्न नमिल्ने गरी प्रदूषित हुँदै गएको छ । वायु गुणस्तरको सूचकाङ्कमा काठमाडौँ विश्वको प्रदूषित सहरको सातौँ सूचीमा परेको जानकारी योभन्दा अघि नै आइसकेको हो । काठमाडौँको एक्युआई (वायुको गुणस्तर सूचकाङ्क) १७० रहेको एअर क्वालिटी इन्डेक्सले केही समयअघि देखाएको थियो । आइक्युएअरका अनुसार दक्षिण एसियाका अन्य सहरमा पनि उच्च प्रदूषण देखिँदा वायु प्रदूषणको समस्या दक्षिण एसियामै उच्च देखिनु यस क्षेत्रकै चुनौती हो । बङ्गलादेश, भारत र पाकिस्तानका सहर झनै उच्च प्रदूषित छन् । पाकिस्तानको लाहोर भारतको राजधानीसमेत रहेको दिल्ली अनि बङ्लादेशको ढाका क्रमशः ७१८, ६४९ र २२९ एक्युआईका साथ पहिलो, दोस्रो र तेस्रो स्थानमा देखिए । भारतको कोलकाता पनि १७७ अङ्कका साथ चौथोमा छ । यसले वायुको गुणस्तर सुधार गर्न क्षेत्रीय स्तरमै नयाँ पहलको पनि खाँचो देखिन्छ ।

नयाँ अध्ययनले नेपालको काठमाडौँसँगै अन्य सहर पनि प्रदूषणको चपेटामा परेको देखिँदा जोखिम झनै बढेको छ । कपिलवस्तु, विराटनगरसहितका प्रमुख सहर झन् बढी प्रदूषित हुँदै गएको पाइएको छ । वायु प्रदूषणले मानिसलाई प्रत्यक्ष र अप्रत्यक्ष प्रतिकूल असर पार्छ । मुटु, फोक्सोमा असर र क्यान्सरलगायतका रोग वायु प्रदूषणसँग सम्बन्धित हुने जानकारको भनाइ छ ।

नेपालको संविधानले मौलिक हकमा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक दिएको छ । स्वच्छ वातावरण दुर्लभ बन्दै छ । यातायात र कलकारखानामा प्रयोग हुने जैविक इन्धन प्रदूषणको मूल कारण बन्दै छ । हरित ऊर्जातर्फको यात्रा अति सुस्त छ । नवीकरणीय हरित ऊर्जाको प्रयोग विश्वव्यापी रूपमा बढाउनु जरुरी छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# युवालाई स्वदेशमै रोक्ने विकल्प



• डा. लाक्पा शेर्पा

युवा देशका शक्ति पुञ्ज हुन् । युवा विकासको संवाहक हुन् । जुन देशमा युवाले आफ्नो बुद्धि, विवेक र क्षमताको प्रयोग गर्छन् त्यो देश निश्चय नै समृद्ध बन्न सक्छ । युवा देशको सशक्त र ऊर्जाशील सम्पत्ति हुन् । चाहे अल्पविकसित, विकासशील वा विकसित देशका युवा नै किन नहुन् ती युवा सबैले आफ्नो उर्वर क्षमता, ऊर्जा र योग्यतालाई देश र राष्ट्रको हितमा प्रयोग गर्न चाहन्छन् । देश विकासप्रति तीव्र इच्छा र तत्परता भएको युवालाई राज्यले ठिक ढङ्गले प्रयोग गर्न सकेमा मात्र देश समृद्ध बन्न सक्छ र त्यस देशका नागरिक पनि सुखी हुन सक्छन् । नेपालको राष्ट्रिय जनगणना २०७८ ले युवाको संख्या १,२४,१२,१७३ देखाएको छ । जनसंख्याको झन्डै ४२ प्रतिशत जति युवाको संख्या देखाएको छ । १६ देखि ४० वर्ष उमेर समूहका यी युवा देश विकासको ठुलो सम्भावना बोकेको शक्ति हो । यो सम्भावनाको सही रूपमा प्रयोग हुने हो भने देशले गति लिन सक्छ । यद्यपि यस्तो शक्ति पुञ्ज सधैँ नरहन सक्छ । निश्चित समयपछि फेरि काम गर्ने युवाको संख्यामा परिवर्तन भएर वृद्धको संख्याले जित्न सक्छ । त्यतिबेला काम गर्नेभन्दा बसेर खानेको संख्या बढ्न सक्छ । विश्वका विभिन्न मुलुकमा युवा बिदेसिने गरेको पाइन्छ । शिक्षा, रोजगारी, व्यापार तथा व्यवसाय गर्नका लागि युवा विदेश जाने गरेको देखिन्छ ।

ग्लोबल इकोनोमी डट्कम नेपाल ह्युमन फ्लाइट एन्ड ब्रेनड्रेनले देखाए अनुसार सबैभन्दा धेरै युवा बिदेसिने देशमध्ये पहिलो देश भनेको समोअर दोस्रो देश भनेको जमैका हो । यी देशबाट क्रमशः १० प्रतिशत र ९.५ प्रतिशत युवा देशबाहिर जाने गरेको तथ्याङ्कले देखाएको छ । यसरी नै तेस्रोमा युक्रेन ८.९ प्रतिशत, चौथोमा प्यालेस्टाइन ८.८ प्रतिशत, पाँचौँ एल साल्भाडोर ८.७ प्रतिशत छैटौँ सोमालिया ८.६ प्रतिशत सातौँ इरिट्रिया ८.६ प्रतिशत, आठौँ अफगानिस्तान ८.५ प्रतिशत नवौँ अल्बानिया ८.५ प्रतिशत र १० औँ माइक्रोएसियाबाट ८.४ प्रतिशतले युवा बाहिरिने गरेको देखिन्छ । यसै गरेर दक्षिण एसियाली मुलुकमा भारतबाट ४.८ प्रतिशत, बङ्गलादेश ६.७ प्रतिशत, पाकिस्तान ५.५ प्रतिशत श्रीलङ्का ७.६ प्रतिशत र भुटानबाट ५.४ प्रतिशत युवा बिदेसिने गरेको देखिन्छ । यसरी हेर्दा सबै देशमा युवा पलायनको समस्या छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको अनुसार नेपालबाट विदेश अध्ययन गर्नका लागि भनेर नो अब्जेक्सन लेटर लिने विद्यार्थीको संख्या २००८/९ मा २,४८२४ जना, २०१८/१९ मा बढेर ६३,२५९ पुगेका थिए भने सन् २०२२/२३ मा बढेर त्यो संख्या १,१७५६३ पुगेको थियो । यसरी हेर्दा युवा बिदेसिने क्रम बढिरहेको देखिन्छ । नेपाल 'ह्युमन फ्लाइट एन्ड ब्रेनड्रेन' को तथ्याङ्क अनुसार नेपालबाट युवा बिदेसिने गरेको देखिन्छ । सन् २०२० देखि २०२४ सम्मको तथ्याङ्क हेर्दा सन् २०२० मा ६.१ प्रतिशत, २०२१ मा ६.२ प्रतिशत सन् २०२२ मा ६.१ प्रतिशत, सन् २०२३ मा ६.१ प्रतिशत र सन् २०२४ मा पनि ६.१ प्रतिशतले बिदेसिएको देखाइएको छ । यसबाट मुलुकमा थुप्रै समस्या उत्पन्न भएको स्थिति देखिन्छ । श्रम गर्नका लागि पनि त्यत्तिकै मात्रामा युवा बिदेसिन्छन् भन्ने कुराको तथ्याङ्क त्रिभुवन विमानस्थलबाट दैनिक १५ सयदेखि दुई हजारसम्म युवा बाहिर जाने गरेको तथ्याङ्कले पनि पुष्टि गरेको छ । नेपालबाट होनाहार युवा बिदेसिने गर्नाले देशमा थुप्रै समस्या देखा पर्न थालेको छ । यसरी नै बिदेसिने हो भने राज्यले लिएको नीति, योजना र सोच पूरा गर्न कठिन हुन सक्छ । देशका सबै क्षेत्र कमजोर हुने सम्भावना रहन्छ । देशको स्रोतसाधनको परिचालन हुन सक्दैन र बिस्तारै देश परनिर्भरतातिर धकेलिन पुग्ने स्थिति रहन्छ । यसलाई तल विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**क. शिक्षित जनशक्ति अभाव**

शिक्षित जनशक्तिले मात्र देशलाई आर्थिक, सामाजिक, सांस्कतिक रूपले रूपान्तरण गर्न र समाज परिवर्तनमा योगदान पुऱ्याउन सक्छ । शिक्षित जनशक्तिले मुलुकको आर्थिक विकासमा पनि त्यत्तिकै भूमिका खेल्न सक्छ । सामाजिक भेदभाव, अन्याय, अत्याचार अन्त्य गर्न र विभेदलाई हटाउन शिक्षित जनशक्तिले महत्वपूर्ण भूमिका खेल्न सक्छ । देशमा शिक्षित जनशक्तिको अभाव भएमा देश विकासको गतिमा अवरोध उत्पन्न हुन सक्छ र विकास अलमलिन सक्छ । युवा बिदेसिने हुँदा देशमा शिक्षित जनशक्तिको पनि अभाव हुन जान्छ ।

ख. आर्थिक समृद्धि र विकासमा प्रभाव

देशलाई समृद्ध बनाउने र नागरिकलाई सुखी बनाउने नेपालको राष्ट्रिय सङ्कल्पमा युवाले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यस्ता होनहार युवाको विदेश पलायनले मुलुकको आर्थिक क्रियाकलाप अवरुद्ध हुन पुग्छ । देशभित्रको आर्थिक क्रियाकलापमा असर पर्न सक्छ । जमिन बाँझो रहने, खेतबारीबाट उत्पादन नहुने र देशबाट पुँजीसमेत बाहिर पलायन हुन जाने हुँदा मुलुकको समृद्धि रोकिन जान्छ । राष्ट्रिय लक्ष्य पूरा गर्नमा बाधा उत्पन्न हुन्छ, समृद्ध राष्ट्र सुखी नेपालीको सपना पूरा गर्न कठिन हुने छ ।

**ग. गुणस्तरीय सेवामा प्रभाव**

देशको नागरिकलाई गुणस्तरीय सेवा दिन राज्यको धर्म हो । यद्यपि देशबाट गुणस्तरीय जनशक्ति बाहिर गएको खण्डमा त्यस देशका नागरिकले त्यस प्रकारको सेवा प्राप्त गर्न असमर्थ हुन्छन् । नेपालबाट पनि युवाहरू बाहिर जाने क्रम बढिरहेकाले गुणस्तरीय सेवामा बाधा पुग्न जाने देखिन्छ, जसमा स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधारको गुणस्तरमा समेत कमी आउने सम्भावना रहन्छ ।

घ. राष्ट्रियता कमजोर

मुलुकबाट युवा बाहिर जाने क्रमले अन्य युवालाई पनि प्रभाव पार्छ । मुलुकमा केही हुँदैन भन्ने भाष्य निर्माण गर्न सघाउ पुग्छ । यसले राष्ट्र र राष्ट्रियतालाई कमजोर बनाउने मात्र होइन यसबाट नकारात्मक क्रियाकलाप हुन सक्छ र देशलाई चुनौती थपिन सक्छ । राज्यको नीति र काम कारबाहीमा समेत चुनौती थपिन सक्छ । जस्तै वर्तमान अवस्थामा देशबाहिर र भित्रका युवाले विभिन्न मिडियामा देशको राजनीति सम्बन्धमा निराशा पोख्ने गरेको देखिन्छ । यो पनि युवा बिदेसिने कार्यले प्रकट गरेको विकृति हो भन्न सकिन्छ ।

ङ. समाजबाट टाढा

देशबाट युवा बाहिरी देशमा जाँदै गर्दा कतिपय युवाले आफ्नो समाज, घरपरिवारलाई बिर्सने गर्छन् । यसबाट परिवार र समाजबाट उनीहरू अलग हुन पुग्छन् । परिवारमा विचलन र विखण्डन आउन सक्छ । पारिवारिक विखण्डन मात्र नभएर परिवारको आर्थिक र सामाजिक परिवेशमा समेत असर पुग्न सक्छ । यसबाट समाजलाई अग्रगामी दिशामा लैजानका लागि बाधा पुग्न सक्ने देखिन्छ ।

समस्या समाधानका उपाय

विश्व भूमण्डलीकरण, उदारीकरण, प्रविधि र सञ्चारको विकासले गर्दा युवालाई विदेश जानबाट रोक्ने भन्ने हुन सक्दैन । विश्वका मुलुकले गरेको विकाससँगै त्यहाँ अवसर पनि सिर्जना हुने भएकाले युवा निश्चय नै एक देशबाट अर्को देशमा जाने गर्छन् । यद्यपि आफ्नो देशमा रोजगारीको कुनै विकल्प नै नभएर, देशभित्र बसेर केही गरौँ भन्ने परिस्थिति नै नभएर वा सबै विकल्प बन्द भएर विदेश जाने कुराप्रति राज्य गम्भीर हुनु पर्छ । यसका लागि निम्न विषयमा ध्यान दिन जरुरी देखिन्छ ।

रोजगारी सिर्जना : स्वदेशमा रोजगारी सिर्जना हुन साथ कामका लागि विदेश जाने युवा आफ्नै देशमा आफ्नै परिवारसँग हाँसीखुसी रमाएर काम गर्न रुचाउँछन् र बिदेसिनु पर्ने स्थिति रहन्न । परिवारको लालनपालनका लागि आफ्नै देशमा पसिना बगाउन चाहन्छन् । तसर्थ स्वदेशमा कलकारखाना, उद्योगधन्दा, कृषि उत्पादन व्यवसाय पर्यटन उद्योग होटेल व्यवसाय र विद्युत् उत्पादनमा लगानी गरेर युवालाई रोजगारी सिर्जना गरिनु पर्छ । युवाहरू आफैँले सानातिना उद्यम व्यवसाय सञ्चालन गरेर उद्यमी व्यवसायी बनेर अरूका लागि पनि रोजगारी सिर्जना गर्ने कार्यमा युवालाई आकर्षित गर्न सरकारले आर्थिक लगानी गरिदिनु पर्छ ।

राजनीतिक स्थिरता : अस्थिर राजनीतिक वातावरणकै कारणले गर्दा देशमा उद्योग व्यवसाय सञ्चालनमा बाधा पुग्न गई उत्पादन घट्ने हुनाले युवा निराश हुने हुँदा देशको राजनीतिक प्रणालीमा सुधार हुनु पर्छ । बन्द, हडताल, जुलुस, धर्ना जस्ता गतिविधि नभएको अवस्थामा युवाले काम गर्ने अवसर पाउँछन् । यसै गरी सुशासनको प्रत्याभूति, कानुनी राज्य, युवाको सहभागिता, शिक्षा प्रणालीमा सुधार तथा नीतिगत प्रयास हुने हो भने युवा बिदेसिने क्रम रोकिन सक्छ ।

**दिगो विकास लक्ष्य प्राप्तिका लागि युवा**

दिगो विकास लक्ष्य हासिल गर्नका लागि युवाको सशक्त परिचालन हुन जरुरी देखिन्छ । समृद्ध नेपाल सुखी नेपालीका राष्ट्रिय आकांक्षा पूरा गर्न सामाजिक न्याय र आर्थिक विकासमा जोड दिनुपर्ने देखिन्छ । समतामूलक समाज स्थापनाका लागि सामाजिक विभेद अन्त्य गर्न युवामा सकारात्मक भावनाको विकास गर्न जरुरी देखिन्छ । आईएलओको सन् २०२३ को तथ्याङ्क अनुसार सन् २०१० देखि २०२० मा नेपालको निरपेक्ष गरिबी २५.१ देखि १७.७ मा घटेको थियो भने १६ आयामिक गरिबी पनि ३९.१ बाट १७.४ मा घटेको थियो । सन् २०२१ मा दिगो विकासको श्रेणीमा नेपालको स्थान १६५ राष्ट्रमा ९६ औँ स्थानमा थियो । यसरी हेर्दा कतिपय दक्षिण एसियाली मुलुकमा नेपाल अगाडि रहेको थियो । सन् २००८ देखि २०१६ सम्मको आर्थिक वृद्धिलाई हेर्दा औसत ४.२ रहेकोमा २०१७ देखि २०१९ मा यो बढेर ६.३ सम्म पुगेको थियो ।

अन्त्यमा

अबको २०/२५ वर्षपछाडि युवाको जनसङ्ख्यामा कमी आउन सक्छ । अहिलेको जनसांख्यिक लाभ लिन त्यतिबेला धेरै ढिलाइ भइसकेको हुन्छ । राज्यले जनसांख्यिक लाभलाई उपयोग गरिहाल्नुपर्ने अवस्था छ । युवा तथा खेलकुद मन्त्रालयले युवालाई उनीहरूको सुदूर भविष्यसम्मका निम्ति देशभित्रै सम्भावना छ भनेर आशा जगाउन सक्छ भने मन्त्रालयले युवा ऐन, नीति, कानुन तथा दीर्घकालीन सोच निर्माण र कार्यान्वयनमा विशेष भूमिका खेल्न सक्छ । हुन त केही नभएको भने पक्कै होइन । केही सकारात्मक कार्य अवश्य पनि हुन थालेका छन् । जस्तै स्थानीय निर्वाचनमा युवा निर्वाचित भएर आएका छन् । यसलाई हेर्दा आशालाग्दो कार्य पनि भएका छन् । उनीहरूका क्रियाकलाप र गतिविधिले युवालाई आकर्षण गर्ने हुँदा स्थानीय युवा प्रतिनिधिले जिम्मेवारका साथ अगाडि बढ्नुपर्ने देखिन्छ । यद्यपि प्रदेश र संघमा भने युवाको संख्या बढ्न सकेको देखिन्न । देशभित्र पनि योग्यता भएका जनशक्ति छन् तर आवश्यक परेका बेला सम्बन्धित क्षमताको जनशक्ति पाउन कठिन देखिन्छ । बजारको माग अनुसारको योग्यता क्षमता भएको जनशक्ति भेटाउन नसकेको अवस्था छ ।

# बिआरआई र नेपाल



• प्रेमलकुमार खनाल

नेपाल र चीनबिच बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गतका परियोजना नेपालमा अगाडि बढाउने सम्झौता भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बिआरआई अन्तर्गत परियोजना सञ्चालन गर्ने सम्झौता भएको हो । चीनले बिआरआईको अवधारणालाई अगाडि सार्नुको ऐतिहासिक पृष्ठभूमि छ । पहिलो, बिआरआई दुई हजार वर्षअगाडि हानवंशका पालाको रेशम मार्गको नयाँ रूपमा चीनले अगाडि सारेको अवधारणा हो । चीनबाट सुरुवात भएको रेशम मार्ग नेपाल हुँदै एसिया, युरोप र अफ्रिकासम्म फैलिएको व्यापारिक मार्ग थियो । अहिले त्यही रेशम मार्गलाई आधुनिक रूपमा सडक, रेल, सञ्चार, प्रविधिका माध्यमबाट स्थल तथा सामुद्रिक मार्ग जोडेर विश्वभर कनेक्टिभिटी विस्तार गर्ने योजना छ ।

दोस्रो, यस पृष्ठभूमिमा चिनले व्यापार र विकास विस्तार गर्न अर्को नयाँ चिन्तनलाई पनि अगाडि सारेको छ । खास गरी सन् १९९० को दशकदेखि विश्वव्यापी रूपमा अवलम्बन गरिएको नवउदारबादी अर्थनीतिले विश्व बजारमा सबै देशका लागि खुला भयो । दुई दशक व्यतीत हुन नपाउँदै सन् २००८ पछि उत्पन्न भएको विश्वव्यापी आर्थिक सङ्कटले विकसित ठुला तथा साना सबै देशको अर्थतन्त्रमा समस्या उत्पन्न गऱ्यो । चीन उदयीमान अर्थतन्त्रको बाटोमा लम्किरहेको बेला, विश्वव्यापी रूपमा देखा परेको यस किसिमको सङ्कटले स्वयम् चिनियाँ अर्थतन्त्रलाई प्रभाव पार्नु स्वाभाविक थियो । खास गरी चीनले उत्पादनका क्षेत्रमा गरेको प्रगति र उत्पादनका लागि अन्तरर्ष्ट्रिय व्यापारमा आएको मन्दीले चिनियाँ अर्थतन्त्रमा पनि प्रतिकूल प्रभाव पारिरहेको थियो । आर्थिक सङ्कटले चरम बेरोजगारी, अभाव, गरिबी, युद्ध तनाव र अशान्ति पनि सँगसँगै उत्पन्न गरिरहेको थियो ।

विश्व अर्थतन्त्रको उपरोकत परिदृश्यका बिचमा चीनका राष्ट्रपति सी जिनपिङले सन् २०१३ मा उज्वेकिस्थान र इन्डोनेसियाको भ्रमणका क्रममा सम्बोधन गर्ने क्रममै चीन छिमेकी देशसँग-सँगै एसिया, युरोप, साउथ अफ्रिका सम्मका देशसँग स्थल तथा सामुद्रिक मार्गको हिसाबले विकासका पूर्वाधार निर्माणमा सहकार्य र सहयोग गरेर अगाडि बढ्ने घोषणा गरे । उपरोक्त पृष्ठभूमिमा चीनले बिआरआई अगाडि बढाएको छ । झन्डै ३५ वर्ष लामो अर्थात् सन् २०४९ सम्म बिआरआईलाई सञ्चालन गर्ने चीनले उल्लेख गरेको छ । सन् २०४९ मा चिनियाँ क्रान्ति सम्पन्न भएको १०० वर्ष व्यतीत हुँदै छ । क्रान्ति भएको १०० वर्षमा चीनलाई आर्थिक, सामाजिक विकासको हिसाबले समुन्नत बनाउने र साथसाथै साझेदार देशको पनि आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याउने उद्देश्य चीनले लिएको छ । बिआरआई अन्तर्गत सञ्चालन गरिने विशाल पूर्वाधार लगानीका परियोजनाले नेपाललगायत दक्षिण एसिया, युरेसिया, ल्याटिन अमेरिका र अफ्रिकामा कनेक्टिभिटी बढाएर व्यापार र सञ्चार सुधार गर्ने उद्देश्य राखेको छ । यस अन्तर्गतका पूर्वाधार परियोजनामध्ये विमानस्थल, बन्दरगाह, विद्युत् केन्द्र, पुल, रेलमार्ग, सडक र दूरसञ्चार सञ्जाल पर्छन् । चीनले बिआरआईमार्फत लक्षित क्षेत्रमा आर्थिक सम्बन्ध र सहकार्य बढाउने लक्ष्य राखेको कुरामा जोड दिएको छ ।

चीनले स्थल तथा सामुद्रिक मार्ग निर्माण र विस्तार गरेर एक अर्का देशका बिचमा व्यापारको विकास र विस्तार गर्ने, देशका बिचमा उत्पादन वृद्धि गर्ने, कनेक्टिभिटीको विकास गरेर जनस्तरका बिचमा सुसम्बन्ध कायम गर्ने र शान्ति कायम गरेर नयाँ विश्व निर्माण गर्ने अन्तर्निहित उद्देश्यका साथ बिआरआई विकासको अवधारणालाई बढाएको पाइन्छ ।

बिआरआईको विकास अवधारणाले सदस्य देशहरूका बिचमा साझा सहकार्य गर्ने, साझा लगानी गर्ने र प्रतिफल वा मुनाफा पनि साझा तवरले बाँडफाँट गर्ने नीतिलाई अङ्गीकार गरेको छ । अर्थात डुङ्गामा सहयात्री सँगसँगै सफलतापूर्वक अवतरण गर्ने रहेको छ । जबकि पश्चिमाले एकल लगानी गर्ने र मुनाफा पनि एकल ढङ्गबाट लिने नीति अवलम्बन गर्दै आएका छन् ।

चीनले अगाडि सारेको बिआरआईमा हालसम्म १५३ देश र संयुक्त राष्ट्र सङ्घका अन्तर्राष्ट्रिय संस्थासहित ३० वटा अन्तरर्ष्ट्रिय संस्थासँग साझेदारीका साथ हाल एक हजारभन्दा बढी विकास र पूर्वाधार निर्माणका कामलाई अगाडि बढाएका छन् । दक्षिण एसियाका भारत र भुटान भने यस बिआरआईमा समावेश भएका छैनन् । बिआरआई अन्तर्गत परियोजना सुरुवात भएको एक दशक व्यतीत भएको छ । बिआरआई परियोजनामा चीनले हालसम्म १.४ ट्रिलियन अमेरिकन डलर लगानी गरिसकेको छ । यसरी लगानी गरिएको रकम ६५५ वटा विकास पूर्वाधारमा र ३५५ वटा गैरवित्तीय क्षेत्रका परियोजनामा लगानी भइसकेको बताइएको छ । बिआरआईले विश्वभर अर्थतन्त्रमा ठुलो प्रभाव पारेको छ । बिआरआई परियोजना सञ्चालनको पहलले बिआरआईमा संलग्न देशमा चार लाखभन्दा बढी रोजगारी सिर्जना गरेको छ । ४० मिलियनभन्दा बढी मानिसलाई गरिबीबाट बाहिर निकाल्न मद्दत गरेको उल्लेख गरिएको छ । बिआरआई सुरुवात भएको १० वर्षमा तीन हजार बढी परियोजना निर्माण सम्पन्न भएको बताइएको छ ।

नेपाल चीन बिचमा 'बेल्ट एन्ड रोड इनिसिएटिभ अन्तर्गत' सहकार्य गर्ने समझदारी पत्रमा १२ मे २०१७ मा समझदारी पत्रमा हस्ताक्षर भएको हो । उक्त समझदारीपत्रमा दुवै देशका तर्फबाट 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अन्तर्गत सहकार्य गर्ने प्रतिबद्धता उल्लेख छ । समझदारी पत्रले नेपाल चीनबिचको आर्थिक विकासको प्रक्रियालाई ढोका खोलिदिएको छ । समझदारी पत्रको प्रस्तावनामा निम्न क्षेत्रलाई पहिचान गरिएको छ ।

पहिलो, दुवै देशको पारस्परिक हित र फाइदाको प्रवर्धन गर्न सहमत हुँदै 'रेसम मार्ग आर्थिक पाटो तथा २१ औँ शताब्दीको सामुद्रिक बाटोको पहल' अन्तर्गतको सिद्धान्त अनुरूप यो समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । यसले वस्तुहरू, प्रविधि, मानव स्रोत र पुँजीको एकीकरणबाट प्राप्त हुने लाभलाई समतामूलक ढङ्गले साझेदारी गर्न सक्षम बनाउँछ । दोस्रो, दुवै देशले अर्थतन्त्र, वातावरण, प्रविधि तथा संस्कृति दुवै पक्षको आर्थिक विकास र आर्थिक समृद्धिमा पारस्परिक सहकार्य गर्ने प्रयोजनका लागि विकास रणनीति निर्माण गर्दा वा उन्नत नीतिगत संवाद गर्दा आपसका अनुभवमा साझेदारी गर्ने उल्लेख छ ।

समझदारीपत्रको प्रस्तावनामा उल्लिखित यी दुई वटा व्यवस्थाले 'बेल्ट एन्ड रोड इनिसियटिभ' को संरचनाभित्र पहिलो, दुवै देशले दुवैलाई परस्पर फाइदा हुने क्षेत्रको सहकार्यलाई प्राथमिकता दिने छन् । तेस्रो, दुई देश बिचको यो सहकार्य 'बेल्ट एन्ड रोड इनिसिएटिभ' का सिद्धान्तबाट मार्गनिर्देशित हुने छ । यसका सिद्धान्त पाँच वटा अवसरमा केन्द्रित रहेका छन् । जसमा पहिलो, सांस्कृतिक आदानप्रदान यस अन्तर्गत जनस्तरमा आवतजावतको

❖ बाँकी तेस्रो पृष्ठमा

# विष्टको ह्याट्रिकले एनआरटी झापा कपको सेमिफाइनलमा

बिर्तामोड(प्रस)। कप्तान अञ्जन विष्टको ह्याट्रिकको मद्दतले एनआरटी क्लब काठमाडौँ झापाको बिर्तामोडमा जारी झापा कपको सेमिफाइनलमा प्रवेश गरेको छ।
एनआरटीले काठमाडौँ जिल्ला लिग विजेता चित्लाङ एफसीमाथि ५-१ को फराकिलो अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरेको हो।
बिहीवारको खेलसँगै जारी प्रतियोगितामा सेमिफाइनल समीकरण पूरा भएको छ। खेलको १३ औँ मिनेटमा एनआरटीले अग्रता लियो। कप्तान अञ्जन विष्टले विदेशी खेलाडी नेमारको क्रस पासमा सुरुवाती अग्रता दिलाए।
३६ औँ मिनेटमा अञ्जनले पेनाल्टीमार्फत गोल गर्दै टिमलाई २-० को अवस्थामा पुर्‍याए। चित्लाङका डिफेन्डर गौरव श्रेष्ठले अञ्जनलाई फाउल गरेपछि पाएको पेनाल्टीलाई उनैले गोलमा परिणत गरे।
खेलको ४२ औँ मिनेटमा चित्लाङले १ गोल फर्कायो। चित्लाङका लागि विदेशी खेलाडी फाजिलको हेडरलाई जनक कोइरालाले गरेको भली प्रहार सुन्दर गोल भएको थियो।
६५ औँ मिनेटमा अञ्जनको पासमा मैदानको मध्यभागबाट सिंगल खेल्दै नेमारले एनआरटीका लागि अर्को गोल थपे। ६८ औँ मिनेटमा शिशिर लेखीले गोल थप्दै खेललाई ४-० को अवस्थामा पुर्‍याए। नेमारको पासमा डिबक्समा अनमार्क रहेका लेखीले गोल गर्न सफल भएका थिए।
८८ औँ मिनेटमा पेनाल्टीमार्फत एनआरटीले गोल थप्यो। गौरव श्रेष्ठले अञ्जनलाई फाउल गरेपछि पाएको पेनाल्टी सदुपयोग गर्दै अञ्जनले ह्याट्रिक पूरा गरेका थिए। जारी प्रतियोगितामा ह्याट्रिक गर्ने उनी एक्ला खेलाडी बनेका छन्।
एनआरटीले विपक्षी पोस्टमा दर्जनौँ आक्रमण गरेको थियो। खेलको २१ औँ मिनेटमा अञ्जनले २५ यार्डबाट गरेको फ्रिकिक चित्लाङका गोलरक्षकले पञ्च गरेर जोगाए। एकपक्षीय जस्तो खेलमा खेल अवधिभर एनआरटी हाबी भएको थियो। २८ औँ मिनेटमा नेमारले गोल गर्न सकेनन्। २९ औँ मिनेटमा अञ्जनको प्रहार पोलमा लागेर फर्कियो।
एनआरटीले गत वर्ष यही रंगशालामा भएको झापा गोल्डकपमा चर्च ब्वाइजसँग १-० को हार व्यहोरेको थियो। भर्खरै सम्पन्न इलाम गोल्डकपको एनआरटी च्याम्पियन हो।
खेलको प्लेयर अफ द म्याच एनआरटीका कप्तान अञ्जन विष्ट भए। उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए।

शुक्रबारको पहिलो सेमिफाइनल खेल सिरहाको सलहेश फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुने आयोजकले जनाएको छ। एनआरटीले इटहरीको राष्ट्रिय जागृति क्लबसँगको भेट पक्का गरेको छ।
प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए। प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ।
प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन्। प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ।

प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए।

प्रतियोगितालाई रोमाञ्चक बनाउँदै प्रोत्साहित गर्न बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई हिमस्टार टिभी प्रदान गर्दै आएको छ।

# नागरिकको सेवामा अहोरात्र खटिन निर्देशन

झापा(प्रस)। कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले सुरक्षा नै समाजको मेरूदण्ड भएकोले समाजको सुरक्षाका लागि अहोरात्र परिचालित हुन प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएका छन्।
नेपाल प्रहरी विशेष व्युरोबाट कोशी प्रदेश प्रमुखको रूपमा सरूवा भई आएका प्रहरी नायव महानिरीक्षक अधिकारीले आफ्नो पदीय जिम्मेवारी सम्हालेपछि कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै समाजलाई जीवन्त, गतिशील र सुरक्षित राख्न अहोरात्र अथक रूपमा कर्तव्यनिष्ट भई समर्पित रहन प्रहरी कर्मचारीलाई निर्देशन दिएका हुन्।



निर्देशनको क्रममा सबै प्रहरी कर्मचारीले आ-आफ्नो पदीय दायित्व अनुसार त्रुटिरहित ढंगबाट कार्यसम्पादन गर्नुपर्ने र आईपर्ने चुनौतीहरूलाई जित्न एक निर्भिक, ईमानदार र वफादार राष्ट्रसेवकरूपमा खटिनु पर्ने उनको भनाइ छ।
उनले सवारी दुर्घटना, साईबर अपराध, लागूऔषधको प्रयोग तथा ओसारपसार, सहकारी ठगी र अन्य प्रकारका अपराधका घटनाहरुलाई नियन्त्रण र निरुत्साहित गर्न योजनाबद्धरुपमा काम गर्नु पर्ने आवश्यकता रहेको बताए।

कोशी प्रदेश प्रहरी प्रमुखको हैसियतले कुशल अभिभावकको जिम्मेवारी निर्वाह गर्ने बिश्वास दिलाउँदै प्रहरी नायव महानिरीक्षक अधिकारीले प्रहरी संगठनको छविलाई सदैव उच्च राख्न व्यवसायिक एवम् निष्ठावान भई नागरिकको सेवामा खटिन प्रहरी कर्मचारीहरुलाई निर्देशन दिए। शरीरलाई जीवन्त राख्नका लागि जसरी मुटु बिश्राम नलिई निरन्तररूपमा चलायमान रहिरहन्छ त्यसरी समाजको मुटुरूपी प्रहरीले पनि समाजका हरेक पक्षहरू सुरक्षाको लागि अनबरत इमान्दार भएर परिचालित भइरहनु पर्ने प्रहरी नायव महानिरीक्षक अधिकारीको कथन छ।

गृह मन्त्रालयको निर्णय अनुसार विशेष व्यूरोबाट कोशी प्रदेश प्रहरी प्रमुखमा सरुवा भई आएका प्रहरी नायव महानिरीक्षक अधिकारी नेपाल प्रहरीमा अत्यन्तै इमानदार, अनुशासित र निष्ठावान अधिकृतको रूपमा परिचित छन्। सो अवसरमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीमबहादुर दाहालले कोशी प्रदेशको बर्तमान शान्ति सुरक्षाको अवस्था, जनशक्ति व्यवस्थापन, अपराधको बिद्यमान अवस्था र चुनौतीका साथै प्रदेश प्रहरी कार्यालयद्वारा गरिएका नविनतम तथा रचनात्मक कार्यका बारेमा अवगत गराएका थिए।
सो अवसरमा उनलाई प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबिनारायण काफ्ले, प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भिमबहादुर दाहाल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी, नेपाल प्रहरी बिशेष सुरक्षा गण दुहवी, कोश प्रदेश प्रहरी गण रानी, जिल्ला प्रहरी कार्यालय मोरङ, सुनसरीका प्रहरी प्रमुखसहित सिनियर तथा जुनियर प्रहरी अधिकृतलगायत प्रहरी कर्मचारीहरुले स्वागत गरेका थिए।

# क्यान्सरविरुद्धको 'एचपीभी' खोप नेपालमा

झापा(प्रस)। 'एचपिभी' खोप लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपीभी) खोप ल्याएको छ।
स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीले चार लाख ६० हजार नौ सय ४० मात्रा खोप आएको बताए। ती खोपलाई अहिले टेकुस्थित भण्डारण कक्षमा राखिएको र विस्तारै प्रदेशमा पठाइने जानकारी दिए।




'एचपीभी' खोप लागि ग्लोबल एलायन्स' (गाभी) को सहयोगमा नेपाल आइपुगेको हो। सरकारले किशोरीलाई सानै उमेरबाट नै क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्न थालेको छ। पन्ध्रदिने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरी खोप लगाइने बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए। उनका अनुसार १७ लाख ७० हजार मात्र गाभीले नेपाललाई उपलब्ध गराउने छ।
हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको जनाइएको छ। पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ। ह्युमनपापिलोमा भाइरस सङ्क्रमण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरै जनासँग यौन सम्बन्ध बनाउने, धेरै धूम्रपान तथा मद्यपान गर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिनेले हुने गर्दछ।
नेपालमा सबभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ।

# एसइईमा अब 'एनजी' आएको विषयमा मात्रै परीक्षा दिन पाइने

झापा(प्रस)। यस वर्षदेखि कक्षा १० को अन्तिम परीक्षा अर्थात् एसइईमा विद्यार्थीले अघिल्लो वर्ष 'नो ग्रेड' (एनजी) आएको विषयको मात्रै परीक्षा दिन पाउने भएको छ। परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले उक्त व्यवस्था लागु गर्न लागेको हो।
यसैवर्षदेखि लागू हुने गरी लेटर ग्रेडिङ निर्देशिका २०७८ संशोधन गरी यस वर्षदेखि जुन विषयमा एनजी आएको हो ,त्यही विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था



गर्न लागिएको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए।
संशोधन गरिएको निर्देशिका अनुसार नियमित वा ग्रेड वृद्धि परीक्षामा कम्तीमा डी ल्याउनैपर्ने हुन्छ। विद्यार्थीले नियमित र मौका परीक्षा दिँदा पनि विद्यार्थीले जुनजुन विषयमा एनजी आएको छ, त्यो विषयको मात्रै परीक्षा दिन पाउने उनले बताए। विद्यार्थीले यस्तो यो अवसर तीन वर्षसम्म पाउनेछन्। यस वर्ष कक्षा १० को अन्तिम परीक्षा आगामी चैत ७ गतेदेखि हुँदैछ।

# हिरासतभित्रको तस्बिर सार्वजनिक गर्नेलाई कारबाही गर्न निर्देशन

झापा(प्रस)। गृहमन्त्री रमेश लेखकले कास्की प्रहरीको हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको तस्बिर सार्वजनिक भएको विषयमा छानबिन गरी दोषीलाई कारबाही गर्न निर्देशन दिएका छन्।
बिहीबार गृहमन्त्री लेखकले प्रहरी प्रमुख बसन्तबहादुर कुँवरलाई उक्त विषयमा छानबिन गरी दोषी जो सुकै भएपनि कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका हुन्।



बुधबार साँझ राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले सामाजिक सञ्जालमा हिरासत कक्षभित्रको तस्बिर भन्दै सार्वजनिक गरेका थिए। मन्त्री लेखकले उक्त तस्बिरको विषयमा छानबिन गरी दोषीलाई तत्कालकारबाहीका लागि प्रहरी प्रमुखलाई निर्देशन दिएको जानकारी दिए।
'यो विषयमा छानबिन गरी दोषी जोसुकै भएपनि कारबाहीको दायरामा ल्याउन आइजिपीलाई निर्देशन दिएको छु', गृहमन्त्री लेखकले भने, 'हिरासतमा रहेको दाबी गरिएको तस्बिरको विषयमा प्रहरीले अनुसन्धान गर्दैछ।'
त्यसैगरी प्रहरी प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारीले पनि तस्बिर सार्वजनिक गरिएको भनिएको विषयमा प्रहरीले आवश्यक अनुसन्धान सुरु गरेको जानकारी दिए।

## बिआरआई...

प्रवर्धन यसमा मूलतः पर्यटन प्रवर्धन रहने छ। दोस्रो, नीतिगत समन्वय जस अन्तर्गत ठुला ठुला पूर्वाधार र संरचनाको योजना र विकास गर्ने पर्छन्। तेस्रो, यस अन्तर्गत सुविधाको सम्पर्क सूत्राधार निर्माण पर्छ। यस अन्तर्गत सडक तथा रेलमार्ग सञ्जाल निर्माण पर्छन्। चौथो, व्यापार तथा लगानी यस अन्तर्गत सीमापार व्यापार तथा लगानी प्रवर्धन गर्ने रहेको छ। पाँचौँ, वित्तीय आबद्धता, यस अन्तर्गत वित्तीय तथा मौद्रिक क्षेत्रमा द्विपक्षीय सहयोग आदानप्रदान गर्ने रहेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको यस पटकको भ्रमणका क्रममा सन् २०१७ मा गरिएको समझदारीपत्रको फ्रेम वर्कमा रहेर बिआरआई अन्तर्गत निम्न पाँच वटा विकासका क्षेत्रमा परियोजना सञ्चालन गर्ने सम्झौता भएको छ। जस अन्तर्गत पहिलोमा पूर्वाधार र सहरी विकास परियोजना अन्तर्गत टोखा-छहरे सुरुङमार्ग परियोजना, टोखा-छहरे-बिदुर राजमार्ग नेपाल चीन अन्तर्राष्ट्रिय व्यापारका लागि रणनीतिक महत्वको छ। यो परियोजना यात्राको समय घटाउने, सडक सुरक्षामा सुधार ल्याउने, र आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तावित छ। यस्तै हिल्सा-सिमकोट सडक परियोजना कर्णाली आर्थिक करिडोरको मुख्य मार्ग, हिल्सा सिमकोट सडकले ग्रामीण जिल्लाहरूलाई चीनसँग जोड्ने लक्ष्य राखेको छ। यसै गरी किमाथाङ्का खाँदबारी सडक परियोजना यो परियोजना नेपालको कोशी करिडोर अन्तर्गत चीन र भारतसँगको व्यापारिक सम्पर्कका लागि महत्वपूर्ण मानिन्छ। नेपाल चीन क्रस बोर्डर रेलवे परियोजना रसुवागढीबाट काठमाडौँ जोड्ने प्रस्तावित रेलमार्गले दुई देशबिचको सम्पर्क सुदृढ गर्ने छ। अमरगढी सिटी हल परियोजना, डडेलधुराको अमरगढी नगरपालिकाद्वारा सञ्चालित यो परियोजना आधुनिक सभाकक्ष निर्माण गर्ने लक्ष्य रहेको छ। ऊर्जा परियोजना अन्तर्गत जिलोङ रसुवागढी चिलिमे २२० केभी क्रस बोर्डर पावर ट्रान्समिसन लाइन निर्माणका लागि दुवै पक्षले यस परियोजनाको प्रविधिक समाधानमा सहमति गरेका छन्।
शिक्षा र स्वास्थ्य अन्तर्गत मदन भण्डारी विज्ञान र प्रविधि विश्वविद्यालय गुणस्तरीय विज्ञान र प्रविधि शिक्षा प्रदान गर्दै अन्तर ाष्ट्रिय स्तरका प्राविधिक जनशक्ति विकास गर्ने लक्ष्य लिएको छ। यस्तै काठमाडौँ वैज्ञानिक केन्द्र र विज्ञान सङ्ग्रहालय वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्राविधिक विकासमा योगदान पुऱ्याउने उद्देश्य लिएको छ। यस्तै, औद्योगिक र व्यापार पूर्वाधार अन्तर्गत चीन नेपाल मित्रता औद्योगिक पार्क झापाको दमकमा निर्माण हुने छ र यो पार्कले औद्योगिक वृद्धिमा सहयोग गर्ने छ। खेलकुद पूर्वाधार अन्तर्गत झापाको दमकमा खेलकुद तथा एथलेटिक्स परिसर आधुनिक सुविधासहितको बहुउद्देश्यीय खेल परिसर, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न सहयोग पुऱ्याउने छ।

नेपाल र चीनबिच बिआरआई फ्रेम वर्कभित्र अहिले जुन सम्झौता भएको छ। यो आफैँमा ऐतिहासिक महत्व रहेको छ। नेपालको आवश्यकता पहिचान गरेर तुलनात्मक लाभको दृष्टिकोणले यस पटक सम्झौता भएका परियोजनाका बारेमा अब विस्तृत अध्ययन गरेर परियोजनाको लाभ लागत तयार गरेपछि मात्रै लगानीको ढाँचाको चरणमा प्रवेश गर्नु पर्छ। परियोजनाको यकिन नभई, लाभ लागतको ढाँचा तयार नगरिकन ऋण कि अनुदान ? भन्ने बहस गरेर जनमत विभाजित गर्नु हुँदैन। यसरी बहस गर्न थाल्दा फेरि सम्झौता कार्यान्वयन प्रक्रियामा ढिलाइ हुन सक्छ। अतः बिआरआईलाई सकेसम्म चाँडो अगाडि बढाउने गरी गृहकार्य थाल्न आवश्यक छ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** शुभकार्यको चर्चा चल्नेछ। साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ।
**वृष** रोजगारको अवसर मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।
**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।
**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।
**वृश्चिक** आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।
**धनु** आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।
**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।
**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।
**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ।